झापा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड-५ सङ्ख्या- ४ मिति-२०८१/१०/२३

## भाग-१

## झापा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

झापा गाउँपालिकाको आर्थिक ऐन,२०८१ लाई प्रथम संशोधन गर्न बनेको ऐन, २०८१

| |
|---|
| पारित मिति :२०८१/१०/१० |
| प्रमाणिकरण मिति :२०८१/१०/२२ |

झापा गाउँपालिकाको आर्थिक ऐन,२०८१ लाई प्रथम संशोधन गर्न बनेको ऐन, २०८१

**प्रस्तावनाः** आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न वाच्छनीय भएकोले,

झापा गाउँपालिकाको १७ औं गाउँसभाले नेपालको संविधानको धारा ५७(४), २२६(१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "झापा गाउँपालिकाको आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न बनेको ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

**२. आर्थिक ऐन, २०८१ को अनुसूची-२ मा संशोधनः**

आर्थिक ऐन, २०८१ को अनुसूची-२ को नोट खण्डमा उल्लेखित प्रत्येक वर्ष १० प्रतिशतका दरले थप जरिवाना शूल्क लाग्नेछ लाई संशोधन गरि **जम्मा बक्यौता** रकमको १० प्रतिशतका दरले जरिवाना लाग्ने छ।

**३. आर्थिक ऐन, २०८१ को अनुसूची-८ मा संशोधनः**

आर्थिक ऐन, २०८१ को अनुसूची-८ को सि.नं ५ मा उल्लेख भएको “गाउँपालिका क्षेत्रभित्रका माथि उल्लेख गरे बाहेक अन्य ऐलानी जग्गाहरुले तिर्नुपर्ने बहाल बिटौरी कर प्रति कठ्ठा” रु. ६० वार्षिक करको दरमा रु. ६० को सट्टा रु. ३० कायम गरिएको छ।

४. **आर्थिक ऐन, २०८१ को अनुसूची-१३ मा संशोधनः**

आर्थिक ऐन, २०८१ को अनुसूची १३ मा तपसिल बमोजिमका कर तथा शूल्क थप गरिएको छ ।

| क.सं | करको नाम | दर | कै. |
|---|---|---|---|
| १. | कृषी समूह नविकरण | रु. ५०/- | |
| २. | ब्यवसायिक फर्म सूचिकृत शुल्क | रु. ५००/- | |
| ३. | शिलबन्दी दरभाउपत्र फारम बिक्री | रु. १०००/- | |

बोलपत्र खरिद शूल्क

| बोलपत्र खरिद शूल्क | | | |
|---|---|---|---|
| १. | रु. २ करोड सम्म | रु. ३०००/- | |
| २. | रु. २ करोड देखि १० करोड सम्म | रु. ५०००/- | |
| ३. | रु. १० करोड देखि २५ करोड सम्म | रु. १००००/- | |
| ४. | रु. २५ करोड माथि | रु. १५०००/- | |

करार कर्मचारी परीक्षा शूल्क

| करार कर्मचारी परीक्षा शूल्क | | | |
|---|---|---|---|
| १. | अधिकृतस्तर | रु. १०००/- | |

| | | | |
|---|---|---|---|
| २. | सहायकस्तर | रु. ५००/- | |
| ३. | श्रेणीबिहन | रु. ४००/- | |

अनुसूची-१३ को ११.३ मा उल्लेख भएको यस पछि प्रतिवर्ष दोब्बर हुँदै जाने वाक्यांशलाई हटाएर ३ वर्ष माथि नआएकालाई आधार दरमा ५० प्रतिशत थप गर्ने व्यवस्था कायम गरिएको छ ।

आज्ञाले,
गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत